फोन नं.०६५-५६०१९५

# तनहूँ जिल्ला अदालत
## दमौली, तनहूँ

पत्र संख्या :-०७६/७७
चलानी नं. :- ४०६८

मिति:- २०७७/०३/०२

# सूचना ! सूचना !! सूचना !!!

हाल विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस(covid-19) को कारण जारी भएको बन्दाबन्दी (लकडाउन) को अवधिमा अदालतको काम कारवाही तथा सेवा प्रवाह सम्वन्धमा सम्मानित सर्वोच्च अदालत, पूर्ण वैठकको मिति २०७६/१२/०७ लगायत विभिन्न मितिमा बसेका बैठकबाट आवश्यक निर्णय भई यस अदालतबाट बन्दिप्रत्यक्षीकरणको निवेदन, कोरोना भाइरस (covid-19) सँग सम्वन्धित निवेदन, पक्राउ पूर्जीको अनुमति, जरुरी पक्राउ पूर्जीको समर्थन, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ बमोजिम रकम तिरी कैदबाट छोडी पाउँ भन्ने निवेदन, बालसुधार गृहमा रहेका बालबालिकालाई संरक्षक जिम्मा लगाई पाउँ भन्ने निवेदन, म्याद थप अनुमति, अभियोगपत्र दर्ता, पक्राउ परी आएका अभियुक्तको बयान लिने, थुनछेक आदेश गर्ने, घरेलु हिंसा मुद्दा दर्ता तथा अन्तरिम संरक्षणात्मक आदेश जारी गर्ने सम्वन्धी काम कारवाही सुचारु रुपमा सञ्चालन भईरहेकोमा सम्मानित सर्वोच्च अदालतबाट मिति २०७७/०२/१६ को परिपत्र, सम्मानित उच्च अदालत पोखराको निर्देशन बमोजिम देहायका थप सेवाहरु सञ्चालन हुने व्यवस्था मिलाइएको हुँदा सम्वन्धित सरोकारवालाको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ :-

१) सजाय निर्धारण सम्वन्धी सुनुवाई।
२) बाल इजलासले हेर्ने मुद्दाको कारवाही र सुनुवाई ।
३) प्रचलित कानून बमोजिम ३ बर्षसम्म कैद सजाय हुन सक्ने अंग पुगेको थुनुवा मुद्दा।
४) नेपाल सरकार वादी हुने मुद्दाको पुनरावेदन दर्ता र सुनुवाई।
५) यस भन्दा अगावै दर्ता भएका मुद्दाहरुमा मिलापत्र, मुद्दा फिर्ता, डिसमिस, तामेली।
६) एकपक्षिय सुनुवाईको आधारमा कारवाही गर्न मिल्ने अवस्थाका अन्तरिम/अन्तरकालीन आदेश सम्वन्धी निवेदन।
७) छिनुवा मुद्दाको रोक्का फुकुवा सम्वन्धी निवेदन।
८) लिखत संसोधन सम्वन्धी निवेदन।
९) अधिकृत वारेशनामा।
१०) दर्ताद्वारा विवाह सम्वन्धी निवेदन।
११) दशी फिर्ता पाउँ भन्ने सम्वन्धी निवेदन।
१२) नक्कल दिने।

पुनश्चः यस अदालतबाट उल्लिखित सेवा लिन आउँदा कोरोना भाइरस (Covid-19) को रोकथाम र नियन्त्रण सम्वन्धी मापदण्डको पूर्ण परिपालना गर्नुपर्नेछ।

साथै तत्कालको लागि नयाँ मुद्दा दर्ता तथा तारेख सम्वन्धी कारवाही हुनेछैन।

०७७/३/२

विदुरकुमार उपाध्याय
सेस्तेदार(उपसचिव)